# स्वयम्सेवक शिक्षक व्यवस्थापन
# कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०७९।०४।१७

राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
गंगदी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

# स्वयम्सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावना :** यस राजपुर गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयमा हाल कायम स्वीकृत शिक्षक दरबन्दी तहगत रुपमा प्राथमिक तह ७८, निम्न माध्यमिक तह १८, माध्यमिक तह (९-१०) ९ र माध्यमिक (११-१२) १ वटा रहेको छ। तहगत रुपमा स्वीकृत शिक्षक दरबन्दी र विद्यार्थी अनुपातलाई हेर्ने हो भने निम्न माध्यमिक र माध्यमिक तहमा विषयगत आधारमा शिक्षक दरबन्दी अत्यन्तै न्यून रहेको अवस्था छ। एकातिर नेपाल सरकारले निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षालाई जोड दिइ रहेको अवस्था छ भने अर्को तिर पर्याप्त रुपमा शिक्षक दरबन्दी उपलब्ध गराउन सकिरहेको छैन। यस कारण सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्याका आधारमा शिक्षक व्यवस्थापन गरी अध्यापन गराउन अत्यन्त समस्या रहेको छ। तसर्थ देशमा संघीयता लागू भई हाल तीन तहको सरकार स्थापित भए संगै स्थानीय तहलाई माध्यमिक तहसम्मको शैक्षिक व्यवस्थापन सहित स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (ज) ले प्रत्यायोजन गरेको अधिकार बमोजिम सामुदायिक विद्यालयमा भएको शिक्षक अभावलाई सम्बोधन गर्न माध्यमिक तह (१२), दश जोड दुई, प्रविणता पत्र वा सो सरह, स्नातक र स्नातकोत्तर तह उत्तीर्ण गरेका युवालाई स्वयम्सेवक शिक्षकका रुपमा प्रभावकारी र पारदर्शी ढंगले परिचालन गर्न वाञ्छनीय भएकाले, राजपुर गाउँपालिकाले यो स्वयम्सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७९ बनाई लागू गरेको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम **स्वयम्सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७९** रहेको छ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुने छ।

२.**परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) स्थानीय तह भन्नाले राजपुर गाउँपालिकालाई सम्झनु पर्छ।

(ख) शिक्षा, युवा तथा खेलकुद शाखा भन्नाले गाउँकार्यपालिका अन्तर्गतको विषयगत शाखा सम्झनु पर्छ।

(ग) विद्यालय भन्नाले प्रचलित कानून बमोजिम अनुमति वा स्वीकृति लिई संचालनमा रहेका सामुदायिक विद्यालय सम्झनु पर्दछ।

(घ) समिति भन्नाले दफा ४ बमोजिमको स्वयम्सेवक शिक्षक व्यवस्थापन समिति सम्झनु पर्दछ।

(ङ) स्वयम्सेवक शिक्षक भन्नाले यस कार्यविधि बमोजिम नियुक्त स्वयम्सेवक शिक्षक सम्झनु पर्दछ।

Scanned with CamScanner

**३.स्वयम्सेवक शिक्षक व्यवस्थापनको उद्धेश्य तथा क्षेत्र** : (१) स्वयम्सेवक शिक्षक व्यवस्थापनको उद्धेश्य देहाय बमोजिम हुने छ ।

(क) विद्यालयको आधारभूत र माध्यमिक तहको विषयगत शिक्षक अभावलाई आंशिक रुपमा परिपूर्ति गर्नु ।

(ख) माध्यमिक तह (१२), दश जोड दुई, प्रविणता पत्र वा सो सरह, स्नातक र स्नातकोत्तर गरेका शिक्षित युवालाई स्वयम्सेवक शिक्षक मार्फत शैक्षिक सेवा गर्ने मौका उपलब्ध गराई व्यवहारिक तथा जीवनोपयोगी सीप एवम् ज्ञान प्राप्त गर्ने अवसर प्रदान गर्नु ।

(ग) युवा वर्गमा शिक्षण सीप, दक्षता र नेतृत्वको विकासको अवसर उपलब्ध गराउनु ।

(घ) विद्यालयस्तरको शैक्षिक गुणस्तर अभिवृद्धिमा सघाउ पुऱ्याउनु ।

(२) आधारभूत र माध्यमिक तहमा विषयगत शिक्षक अपुग भएका वा त्यस्ता विषय शिक्षक दरबन्दी नभएका सामुदायिक विद्यालय र शिक्षक अभाव रहेको विद्यालयमा स्वयम्सेवक शिक्षक व्यवस्थापनको क्षेत्र रहने छ ।

## परिच्छेद-२

## स्वयम्सेवक शिक्षक समन्वय, छनौट तथा व्यवस्थापन समिति सम्बन्धि व्यवस्था

४. **स्वयम्सेवक शिक्षक समन्वय, छनौट तथा व्यवस्थापन समिति** : (१) स्वयम्सेवक शिक्षक छनौट तथा व्यवस्थापनमा समन्वयकारी भूमिका निर्वाह गर्न पालिकास्तरमा एक स्वयम्सेवक शिक्षक समन्वय, छनौट तथा व्यवस्थापन समिति रहने छ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) प्रमुख प्रशाकीय अधिकृत | संयोजक |
| (ख)अध्यक्षले तोकेको अधिकृतस्तरको एकजना कर्मचारी | सदस्य |
| (ग) शिक्षा शाखा प्रमुख | सदस्य-सचिव |

(३) स्वयम्सेवक शिक्षक समन्वय, छनौट तथा व्यवस्थापन समितिले माध्यमिक तहको शिक्षक छनौट गर्नुपरेमा सम्वन्धित विषयमा स्नातकोत्तर गरेको र अन्य तहको लागि कम्तीमा स्नातक तह उत्तीर्ण गरी सम्वन्धित तहको दश महिने तालिम वा सो सरह तालिम हासिल गरी विषय विज्ञ रोष्टरमा सूचीकृत व्यक्तिहरु मध्येबाट उपलब्ध भएसम्म १ जना महिला समेतको प्रतिनिधित्व हुनेगरी आवश्यकता अनुसार बढीमा २ जनासम्म विषय विज्ञहरुको सहयोग लिन सक्नेछ । यदि गाउँपालिकाको रोष्टर सूचीमा सम्बन्धित विषयको व्यक्ति उपलब्ध हुन नसकेमा वा त्यस्ता विज्ञहरु

Scanned with CamScanner

उपलब्ध हुने नदेखिएमा परीक्षाको गोप्यता तथा मर्यादालाई मध्यनजर गर्दै योग्यता पुगेका अन्य स्थानीय तह वा शिक्षा विकास तथा समन्वय इकाईबाट रोष्टरमा सुचीकृत भएका व्यक्तिलाई विज्ञको रुपमा छनौट गर्न सकिने छ ।

(४) उपदफा ३ बमोजिम स्वयम्सेवक शिक्षक छनौट समितिमा विषय विज्ञ छनौट गर्दा तोकिएको न्युनतम शैक्षिक योग्यता पूरा भएता पनि नियुक्ति भएको तह भन्दा माथिल्लो तहमा विज्ञ छनौट गर्न पाइने छैन ।

(५) गाउँपालिकाको अनुदानबाट तलब भत्ता खानेगरी विद्यालय तथा समुदायमा आधारित वालविकासकेन्द्रमा नियुक्त हुने वालविकास सहयोगी कार्यकर्ता तथा कर्मचारीको छनौट समेत उल्लेखित समितिबाटै हुनेछ ।

(६) समितिको बैठक प्रत्येक तीन महिनामा एक पटक बस्ने छ । तर आश्यकता परेमा सो भन्दा बढी पटक बैठक बस्न बाधा पर्ने छैन ।

(७) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्ने छ ।'

(८) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुने छ ।

**५. समितिको काम, कर्तव्य र अधिकार :** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

(क) स्वयम्सेवक शिक्षकको व्यवस्थापन सम्वन्धि योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

(ख) स्वयम्सेवक शिक्षकको कार्यको समन्वय तथा सहजीकरण गर्ने गराउने ।

(ग) स्वयम्सेवक शिक्षकको संख्या र शिक्षण विषयको पहिचान गर्ने ।

(घ) स्वयम्सेवक शिक्षक छनौट तथा सिफारिस गर्ने ।

(ङ) स्वयम्सेवक शिक्षक सम्वन्धि कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने गराउने ।

(च) स्वयम्सेवक शिक्षक व्यवस्थापन सम्वन्धि प्राविधिक कार्य गर्न आवश्यकता अनुसार उप-समिति गठन गर्ने ।

## परिच्छेद-३

## स्वयम्सेवक शिक्षकको संख्या निर्धारण, छनौट तथा नियुक्ति सम्बन्धि व्यवस्था

**६.स्वयम्सेवक शिक्षकको संख्या निर्धारण :** समितिले विद्यालयमा हाल कायम रहेको शिक्षकको विषयगत दरवन्दी, राहत अनुदान कोटा र केन्द्रद्वारा वितरण गरिने शिक्षण सहयोग अनुदान समेतलाई गणना गरी आधारभूत र माध्यमिक तहको विषयतग शिक्षकको प्रचलित कानून तथा मापदण्ड वमोजिम दरवन्दी

Scanned with CamScanner

अपुग हुने विद्यालयमा विद्यार्थी शिक्षक संख्या अनुपात प्राथमिक तहमा खोला नाका क्षेत्रका लागि २२ : १ र तराई तथा अन्य क्षेत्रका लागि ४५ : १ र निम्नमाध्यमिक तथा माध्यमिक तहको लागि शिक्षक विद्यार्थी संख्याको अनुपात खोला नाका क्षेत्रका लागि ३५ : १ र तराई तथा अन्य क्षेत्रका लागि ४५ : १ तथा विषयगत रुपमा मुख्य चार विषय ( अंग्रेजी, गणित, विज्ञान र नेपाली ) का आधारमा स्वयम्सेवक शिक्षक परिचालन गर्ने गरी स्थानीय तहमा विषयगत र तहगत रुपमा स्वयम्सेवक शिक्षकको संख्या निर्धारण गर्ने । यसरी निर्धारण गरिएका स्वयम्सेवक शिक्षकहरुले नियुक्ति पाएको विद्यालयको अलवा आवश्यकता अनुसार गाउँपालिका स्तरीय शिक्षा समितिको निर्णय अनुसार, अन्य तोकिएको विद्यालयमा गई सेवा दिनु पर्नेछ ।

**७.स्वयम्सेवक शिक्षकको माग संकलन** : शिक्षा, युवा तथा खेलकुद शाखाले प्रत्येक विद्यालय मार्फत आधारभूत तह (बाल शिक्षा वा कक्षा १ देखि ८ सम्म) र माध्यमिक तह (कक्षा ९ देखि १० सम्म) मा प्रचलित कानून तथा मापदण्ड बमोजिम विषयगत शिक्षकको संख्या अपुग भएको वा यस्ता विषय शिक्षक दरबन्दी नभएका विद्यालयको पहिचान गरी त्यस्ता विद्यालयका विषयगत शिक्षकको माग संकलन गरी संख्या एकिन गर्नुपर्नेछ ।

**८.स्वयम्सेवक शिक्षकको आवेदन सम्बन्धि व्यवस्था** : (१) पालिकाले स्वयम्सेवक शिक्षकको रुपमा सेवा गर्न चाहने व्यक्तिले आवेदन दिने प्रयोजनको लागि राष्ट्रिय दैनिक पत्रिकामा कम्तीमा पन्ध्र दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी आह्वान गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सार्वजनिक सूचना पालिकाको वेभसाइटमा समेत राख्नुपर्नेछ ।

(३) स्वयम्सेवक शिक्षकको रुपमा सेवा गर्न चाहेमा दफा १० बमोजिमको योग्यता भएको व्यक्तिले अनुसूची १ बमोजिमको ढाँचामा तपसिल बमोजिमका कागजातहरु सहित यस पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा आवेदन दिनुपर्नेछ ।

क) हस्तलिखित निवेदन (ठेगाना तथा सम्पर्क नम्बर सहित)
ख) नागरिकता
ग) शैक्षिक योग्यताका प्रमाण पत्र
घ) अध्यापन अनुमति पत्र
ङ) सम्बन्धीत अनुभव पत्र

(४) विद्यालयमा स्वयम्सेवक शिक्षक दरवन्दी रिक्त भएमा रिक्त भएको मितिले ७ दिन भित्र सम्बन्धीत विद्यालयले गाउँ शिक्षा, युवा तथा खेलकुद शाखामा जानकारी गराइ उक्त दरबन्दीमा शिक्षक सिफारिस गराउन भनी निवेदन पेश गर्नु पर्नेछ । उक्त निवेदनमा, शिक्षा, युवा तथा खेलकुद शाखाले कामकारबाही गरी/गराइ उपदफा १ बमोजिम विज्ञापन गर्नु पर्नेछ ।

(५) विभिन्न तहमा दरखास्त दिने उम्मेद्वारको न्यूनतम् शैक्षिक योग्यता, तालिम, अध्यापन अनुमति पत्र सम्बन्धी व्यवस्था शिक्षक सेवा आयोगले तोके वमोजिम हुनेछ ।

Scanned with CamScanner

(६) उम्मेद्वारको लागि दरखास्त दस्तुर शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

९. **सूचीकृत गर्ने :**(१)स्वयम्सेवक शिक्षकको रुपमा काम गर्न इच्छुक व्यक्तिलाई सम्बन्धित शिक्षणको लागि आवश्यक पर्ने योग्यताको प्रमाण सहित सूचिकृत गरिनेछ ।

(२) सूचिकरण प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) पालिकाले प्रकाशित गरेको सूचना बमोजिम प्राप्त आवेदनको छानविन तथा रुजु गर्ने, रित पूर्वक भएका आवेदन स्वीकृत गर्ने र वेरितपूर्वक भएका आवेदन अस्वीकृत गर्ने, साथै स्वीकृत नामावलीको सूची टाँस गरी उम्मेदवारलाई लिखित तथा अन्तरवार्ताको मिति समेत जानकारी गराउनु पर्नेछ ।

(ख) स्वीकृत आवेदनको विषयगत रुपमा एकीकृत विवरण तयार गर्ने,

१०. **स्वयम्सेवक शिक्षक हुन चाहिने योग्यता :** स्वयम्सेवक शिक्षक हुन देहाय बमोजिमको योग्यता हुनपर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) अठार बर्ष उमेर पूरा भई चालिस बर्ष उमेर ननाघेको तर यस पालिका अन्तर्गतका विद्यालयमा मिति २०७८ चैत्र मसान्त भन्दा अघि नियुक्ति लिई हाल निजीस्रोत शिक्षकको रुपमा कार्यरत शिक्षकको हकमा भने उमेरको हद लाग्ने छैन,

(ग) मगज नविग्रेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(ङ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नगरिएको,

(च) मान्यता प्राप्त शिक्षण संस्थावाट सम्वन्धित विषयमा माध्यमिक तह (१२), दश जोड दुई, प्रविणता पत्र वा सो सरह, स्नातक र स्नाकोत्तर वा सो सरहको परिक्षा उत्तीर्ण भएको हुनुपर्नेछ र छनौटको समयमा माथिल्लो योग्यतालाई प्राथमिकता दिइनेछ ।

(छ) अध्यापन अनुमति पत्र भएको हुनुपर्नेछ ।

**११.स्वयम्सेवक शिक्षक छनौट तथा परिचालन :**

(१) स्वयम्सेवक शिक्षकको छनौट लिखित र अन्तरवार्ता दुवै माध्यमबाट गरिनेछ ।

(२) छनोट समितले प्रश्न पत्र निर्माण तथा उत्तरपुस्तिका परीक्षणका लागि आवश्यकता अनुसार गाँउपालिका अध्यक्षको सहमतिमा विषय विज्ञ छनोट गर्नेछ । विषय विज्ञबाट नमूना प्रश्न पत्र

Scanned with CamScanner

निर्माण गर्न लगाइ त्यसको अन्तिम मोडरेशन छनोट समिति तथा आवश्यकता अनुसार विषय विज्ञको सहयोगबाट हुनेछ ।

(३) विषय विज्ञको छनौट गर्दा तोकिएको योग्यता पुगेका व्यक्तिहरुको गाउँपालिकाबाट स्वीकृत विषय विज्ञ सूचीबाट गाँउपालिका अध्यक्षको सहमतिमा गोलाप्रथाद्वारा छनौट गर्नुपर्नेछ । यदि उक्त सूचिमा पर्याप्त व्यक्ति नभएमा वा विषय नमिल्ने भएमा वा परीक्षाको निस्पक्षता र गोपनियतालाई समेत ध्यानमा राखी अन्य स्थानीय तह वा शिक्षा विकास तथा समन्वय इकाइमा सूचीकृत विज्ञ व्यक्तिहरुबाट समेत सहयोग लिन सकिने छ ।

(४) विषय विज्ञद्वारा निर्मित प्रश्नपत्रलाई छनौट समितिको संयोजक वा सदस्य सचिवले आवश्यकताअनुसार संम्वन्धित विषयको विषय विज्ञ समेतको सहयोग लिएर मोडेरेशन गरी प्रश्नपत्रलाई अन्तिम रुप दिई सिलबन्दी गरेर प्रश्नपत्र बैंकमा राख्नेछ ।

(५) शिक्षक छनौट प्रक्रियालाई थप प्रभावकारी र निष्पक्ष वनाउन आवश्यक ठानेमा छनोट समितिले शिक्षक छनौट सम्बन्धी अन्य प्रक्रिया आफै निर्धारण गर्न सक्नेछ ।

(६) सम्वन्धीत विद्यालयको शिक्षकलाई विषय विज्ञको रुपमा मनोनित गरिने छैन ।

(७) हाल कार्यरत निजी श्रोत शिक्षकलाई अध्यावधिक गरि स्वयमसेवक शिक्षक नियुक्ति गरि नयाँ थप स्वयम्सेवक शिक्षक नियुक्त गर्नुपरेमा यसै कार्यविधि बमोजिम गरिनेछ ।

तर माथि जुनसुकै कुरा उल्लेख गरेता पनि यस पालिका अन्तर्गतका विद्यालयमा शिक्षा नियमावली, २०५९ (संशोधन सहित ) तथा प्रचलित कानुन बमोजिम नियुक्ति भई हाल निजीस्रोत शिक्षकको रुपमा कार्यरत शिक्षकको हकमा भने स्वयम्सेवक शिक्षक हुन इच्छुक रहेमा सम्बन्धित विद्यालयमा स्वतः नियुक्ति दिन कुनै वाधा पर्ने छैन ।

## परिच्छेद– ४

## लिखित परीक्षा, अन्तरवार्ता र योग्यताक्रम सम्वन्धी व्यवस्था

**(१२) लिखित परीक्षा, अन्तरवार्ता र योग्यताक्रम सम्वन्धी व्यवस्था :** (१) दरखास्त दिने उम्मेद्वारहरुको लिखित तथा मौखिक परीक्षा गाउँपालिकाको केन्द्र वा तोकिएको स्थानमा हुनेछ । लिखित तथा मौखिंक परीक्षाको मिति छनौट समितिले तोके वमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको छनौट लिखित परीक्षा २०० पूर्णाङ्कको जसमध्ये लिखित समान्य परीक्षा १०० पूर्णाङ्क र लिखित विषयगत परीक्षा १०० पूर्णाङ्कको रहनेछ । लिखित सामान्य परीक्षामा उत्तीर्ण उमेद्वारलाई मात्र लिखित विषयगत परीक्षामा समावेश गरिने छ ।

(३) लिखित परीक्षावाट अन्तरवार्ताका लागि छनौट उमेद्वारले २५ पूर्णाङ्कको मौखिक अन्तरवार्ता दिनुपर्नेछ ।

(४) समितिले लिने लिखित परीक्षाको पाठ्यक्रम, पूर्णाङ्क तथा उत्तीर्णाङ्क शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ । यसमा थप प्रभावकारी वनाउनु पर्ने भएमा समिति आफैले तोके बमोजिम हुनेछ ।

Scanned with CamScanner

(५) नमूना प्रश्नपत्र तथा अन्तिम मोडरेशन गरिएका प्रश्नपत्रहरु सिलवन्दी गरी छनोट समितिको संयोजकको जिम्मामा रहने छ । उक्त शिलवन्दी खाम परीक्षा संचालन हुनुभन्दा १५ मिनेट अगाडि खोली गोप्य रुपमा फोटोकपी गरी परीक्षा सञ्चालन गरिनेछ । परीक्षा संचालन गर्न विषय विज्ञको उपस्थिति अनिवार्य हुनेछैन ।

(६) छनौट समितिको संयोजक वा सदस्य सचिवले उत्तरपुस्तिकाको गोप्य कोड नम्वर कायम गरी निजकै रोहवरमा तोकिएको स्थानमा तोकिएको विषय विज्ञद्वारा उत्तर पुस्तिका परीक्षण गराईनेछ ।

(७) लिखित परीक्षा अनतर्गतको सामान्य परीक्षा उत्तीर्ण हुने उमेद्वारले मात्र लिखित परीक्षा अन्तर्गतको विषयगत परीक्षामा सहभागी हुन पाइने छ ।

(८) अन्तर्वार्तामा विज्ञ सहित कम्तीमा ४ जनाको समिति हुनु पर्नेछ । सामान्यतया अन्तर्वार्तामा ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी अंक दिन पाइने छैन । सो भन्दा बढी वा घटी दिनु परेमा सबै सदस्यले कारण खुलाई मुचुल्क गर्नुपर्नेछ । अन्तर्वातामा छुट्याइको पूर्णाङ्क २५ मध्ये निम्नानुसारका शीर्षकमा बाँडेर अंक दिनुपर्नेछ ।

क) विषयगत ज्ञान वापत ३ अंक

ख) शिक्षण सिकाइ/विधि वापत २ अंक

ग) व्यक्तित्व/प्रस्तुति वापत ३ अंक

घ) न्युनतम शैक्षिक योग्यता वापत बढीमा ३ अंक जसमध्ये प्रथम श्रेणी भए ३ र द्वितीय श्रेणी भए २ अंक

ङ) माथिल्लो शैक्षिक योग्यता वापत बढीमा २ अंक जसमध्ये प्रथम श्रेणी भए २ र द्वितीय श्रेणी भए १ अंक

च) अनुभव वापत बढीमा ४ अंक जसमध्ये प्रत्येक बर्षको ०.५ अंकका दरले

छ) स्थानीय क्षेत्र वापत ८ अंक

(९) विषयको प्रकृति हेरी आवश्यक ठानेमा समितिले प्रयोगात्मक परीक्षा लिनेछ । तर लिखित परीक्षा अगाडि वा अन्तरवार्ता पछि प्रयोगात्मक परीक्षा लिन पाइने छैन ।

(१०) लिखित, मौखिक र आवश्यकता अनुसार प्रयोगतात्मक परीक्षा समेत लिई सकेपछि उत्तीर्ण सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेद्वार मध्येबाट आवश्यक संख्या भन्दा कम्तीमा एक तिहाइ उम्मेदवारको नाम थप गरी अन्तरवार्ताको लागि उम्मेदवारको वर्णानुक्रम अनुसार नाम प्रकाशन गरिने छ । तर अन्तिम क्रम संख्यामा १ जना भन्दा बढी उम्मेदवार बराबर अंक प्राप्त गरेमा त्यस्तो सबै उम्मेदवारको नाम प्रकाशन गरिनेछ ।

(११) नियम ४.२ बमोजिम उत्तीर्णाङ्क प्राप्त गर्ने उम्मेद्वार आवश्यक संख्यामा नभएमा जतिजनाले उत्तीर्णाङ्क प्राप्त गरेका छन् त्यतिनै उम्मेदवारको नाम प्रकाशन गरिनेछ ।

(१२) शिक्षक छनौट समितिले लिखित (आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा) र अन्तरवार्ता परीक्षाबाट सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारको नाम नियुक्तिको लागि सिफारिस गर्नुपर्नेछ । यसरी परिणाम प्रकाशन गर्दा दोस्रो बढी अंक प्राप्त गर्ने उम्मेदवारको नाम बैकल्पिक सूचीमा राख्नुपर्नेछ ।

(१३) शिक्षक छनौट सम्वन्धी सम्पूर्ण निर्णयहरु निर्णय पुस्तिकामा अनिवार्य रुपमा लेखिएको हुनुपर्नेछ ।

(१४) छनौट समितिंका पदाधिकारीहरु वा विषय विज्ञ र उम्मेदवारका बिच कानूनले तोके अनुसारको नजिकको नाता सम्वन्ध रहेको अवस्थामा उक्त नाता पर्ने व्यक्ति समितिमा रहने छैन ।

Scanned with CamScanner

(१५) समितिका पदाधिकारीले प्रति वैठक कार्यपालिकाले तोकिए बमोजिम पारिश्रमिक लिन पाउने छ । तर नमूना प्रश्नपत्र निर्माण, परिमार्जन, प्रश्नपत्रको अन्तिम मोडेरेशन, उत्तर पुस्तिका परीक्षण तथा अन्तर्वार्ता बापत अतिरिक्त पारिश्रमिक लिन सकिनेछ ।

**१३. स्वयम्सेवक शिक्षकको नियुक्ति :** (१) स्वयम्सेवक शिक्षक समन्वय, छनौट तथा व्यवस्थापन समितिले छनौट भएका स्वयम्सेवक शिक्षकलाई निर्णय गरी विद्यालय व्यवस्थापन समिति समक्ष नियुक्तिको लागि सिफारिस गर्नेछ ।

(२) दफा ११ र १२ बमोजिम छनौट भएको व्यक्तिलाई सम्बन्धित विद्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा सम्झौता गरी नियुक्ति गर्नुपर्नेछ ।

(३) नियुक्ति भएको मितिले सात दिनभित्र विद्यालयमा हाजिर भई स्वयम्सेवक शिक्षकले शिक्षण कार्य प्रारम्भ गर्नुपर्नेछ । सो अवधि भित्र शिक्षण कार्य प्रारम्भ नगरेमा नियुक्ति स्वत: बदर हुनेछ ।

(४) स्वयम्सेवक शिक्षकले कुनै कारणवस कार्य अवधि पूरा नहुदै सेवा छाड्नु पर्ने भएका दुई महिना अगावै सम्बन्धित विद्यालयलाई जानकारी गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम रिक्त स्थानमा बाँकी अवधिका लागि मात्र गाउँपालिकाले वैकल्पिक योग्यता क्रमबमोजिमको उमेद्वारको रुपमा सिफारिस भएको व्यक्तिसँग सम्झौता गरी विद्यालयले नियुक्ति गर्न सक्नेछ ।

**१४. स्वयम्सेवक शिक्षकको काम, कर्तव्य र अधिकार : स्वयम्सेवक शिक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

(क) हप्तामा न्यूनतम चौबिसं कक्षा (पिरियड) अध्यापन गर्नु पर्ने,

(ख) पाठ्क्रमले निर्धारण गरे वमोजिमको औपचारिक परीक्षा तथा विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रयोग गरी अध्यापन गरेका विषयमा विद्यार्थीको शैक्षिक स्तर मूल्याङ्कन गर्ने,

(ग) विद्यालयले तोकेको अन्य कार्यहरु गर्ने ।

**१५.स्वयम्सेवक शिक्षकको अवकाश सम्वन्धि व्यवस्था :** (१) स्वयम्सेवक शिक्षकलाई देहाय बमोजिमको अवस्थामा गाउँकार्यपालिकाको शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले अवकास दिन सक्नेछ :-

(क) सम्झौता वमोजिमको अवधि समाप्त भएमा ।

(ख) स्वेच्छिक रुपले अवकाश लिने इच्छा गरी प्रधानाध्यापक समक्ष दुई महिना पूर्व लिखित निवेदन दिएमा ।

(ग) शारिरीक अस्वस्थताका कारण विद्यालयमा उपस्थित भई नियमित कामकाज गर्न असमर्थ भएमा ।

(घ) खराब आचरण प्रदर्शन गरेमा ।

(ङ) विना सूचना पन्ध्र दिनसम्म विद्यालयमा अनुपस्थित रहेमा ।

(च) सन्तोषजनक रुपमा कार्य सम्पादन नगरेमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिए भएता पनि उपदफा (१) को खण्ड (च) बमोजिमको अवस्थामा विद्यालय व्यवस्थापन समितिले पर्याप्त आधार र प्रमाण सहित सिफारिस गरेको स्वयम्सेवक शिक्षकलाई स्वयम्सेवक शिक्षक समन्वय, छनौट तथा व्यवस्थाषन समितिले निर्णय गरी हटाउन सक्नेछ ।

## परिच्छेद- ५

## स्वयम्सेवक शिक्षकको सेवा, सर्त र सुविधा

**१६.स्वयम्सेवक शिक्षकको सेवा,सर्त :** (१) स्वयम्सेवक शिक्षकको कार्यावधि एक शैक्षिक सत्रको हुनेछ ।

(२) स्वयम्सेवक शिक्षकले नियुक्ति भएको विद्यालयमा उपस्थित भई तोकिएको विषयमा नियमित शिक्षण गर्नुपर्ने छ ।

(३) स्वयम्सेवक शिक्षकले सम्झौतामा तोकिए बमोजिमको शर्तहरु अनिवार्य रुपमा पालना गर्नुपर्ने छ ।

**१७.स्वयम्सेवक शिक्षकलाई दिइने सुविधा :** (१) स्वयम्सेवक शिक्षकलाई अनुसूची-३ बमोजिमको बढीमा बाह्र महिना बराबरको निर्वाह भत्ता चौमासिक रुपमा दिइने छ ।

**१८.स्वयम्सेवक शिक्षकको विदा :** (१) स्वयम्सेवक शिक्षकले देहाय बमोजिमको विदा पाउनेछ :-

(क) विद्यालयमा रुजु हाजिरको आधारमा प्रत्येक महिना एक दिन भैपरि आउने वा पर्व विदा,

(ख) आफ्नो रित परम्परा अनुसार बढीमा पन्ध्र दिन किरिया विदा ।

(२) स्वयम्सेवक शिक्षकको विदाको स्वीकृति सम्बन्धित विद्यालयको प्रधानाध्यापकले गर्नेछ ।

(३) महिला स्वयम्सेवक शिक्षकको सुत्केरी विदाको हकमा नेपाल सरकारको प्रचलित ऐनमा व्यवस्था भए बमोजिमको हुनेछ ।

(४) नियमित तथा सार्वजनिक विदा पालिकाको शैक्षिक क्यालेण्डरको आधारमा नियमानुसार हुनेछ ।

## परिच्छेद- ६

Scanned with CamScanner

## स्थानीय तहको भूमिका

**१९.स्थानीय तहको भूमिका :** स्वयम्सेवक शिक्षक व्यवस्थापन सम्बन्धमा स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) स्वयम्सेवक शिक्षकको निर्वाह भत्ता वाफतको एक शैक्षिक सत्रको रकम एकमुष्ट रुपमा विद्यालयलाई अनुदान उपलब्ध गराउने,

(ख) स्वयम्सेवक शिक्षकहरुको कार्यसम्पादनको नियमित अनुगमन गर्ने,

(ग) विद्यालयगत रुपमा स्वयम्सेवक शिक्षकको विवरण अध्यावधिक गरिराख्ने ।

**२०.विद्यालयको भूमिका** : स्वयम्सेवक शिक्षक व्यवस्थापन सम्बन्धमा विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) स्थानीय तहबाट सिफारिस भई आएका स्वयम्सेवक शिक्षकसँग सम्झौता गरी नियुक्ति दिई सो को जानकारी स्थानीय तहलाई गराउने,

(ख) स्वयम्सेवक शिक्षकको जिम्मेवारी बाँडफाड र आचारसंहिता कार्यान्वयन गराउने,

(ग) आगामी शैक्षिक सत्रका लागि आवश्यक पर्ने स्वयम्सेवक शिक्षक संख्याको आवश्यकताको पुष्ट्याई सहित प्रमाणित गरी स्थानीय तहमा पठाउने ।

## परिच्छेद- ७

## विविध

**२१.स्वयम्सेवक शिक्षकले पालना गर्नुपर्ने** आचार संहिता : स्वयम्सेवक शिक्षकले देहाय बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ :-

(क) आफूले गरेको सम्झौता अनुसारका कार्य इमान्दारी पूर्वक सम्पन्न गर्ने,

(ख) निर्धारित समयमा नियमित रुपले विद्यालयमा आए गएको समय जनाइ हाजिर गर्ने र पहिले विदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित नहुने,

(ग) कुनै भाषा, धर्म, तथा सम्प्रदाय विरोधी भावना शिक्षक तथा विद्यार्थी समक्ष फैलाउन नहुने,

(घ) नेपाल सरकारको विद्यमान नीति र व्यवस्थाको प्रतिकूल हुने गरी कुनै पनि कार्य नगर्ने,

(ङ) सम्बन्धित निकायको नियम र कानून विपरितको कार्य नगर्ने,

Scanned with CamScanner

(च) कुनै पनि राजनीतिक दलको गतिविधिमा संलग्न नहुने,

(छ) इमान्दार, शिष्ट, नम्र, पारदर्शी र सदाचार व्यवहार अवलम्बन गर्ने ।

(ज) नियमानुसार शिक्षकको पोशाक लगाएर विद्यालयमा प्रवेश गर्ने ।


**२२.प्रमाणपत्र दिनुपर्ने :** स्वयम्सेवक शिक्षकलाई सम्झौता बमोजिमको कार्य अवधि पूरा गरेपछि सम्बन्धित निकायले अनुसूची. ४ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनुपर्ने छ ।

**२३.अनुगमन तथा प्रतिवेदन व्यवस्था :** (१) स्वयम्सेवक शिक्षकले गरेको कार्यको नियमित अनुगमन सम्बन्धित प्रधानाध्यापकबाट हुनेछ ।

(२) प्रधानाध्यापकले उपदफा १ बमोजिमको अनुगमन प्रतिवेदन त्रैमासिक रुपमा शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउनु पर्नेछ ।

(३) प्रधानाध्यापकद्वारा स्वयम्सेवक शिक्षकले गरेका कार्यको नियमित अनुगमन भए, नभएको विषयमा आवश्यकता अनुसार शिक्षा, युवा तथा खेलकुद शाखाबाट स्थलगत अनुगमन गर्न सकिनेछ ।

**२४.संशोधन र बचाउ** : यस कार्यविधिमा व्यवस्था गरिएका कार्यविधिहरु समयानुकुल/समय सापेक्ष बनाउनका लागि आवश्यकता अनुसार संशोधन गर्ने सर्वाधिकार राजपुर गाउँपालिका गाउँसभामा निहित हुनेछ र यस कार्यविधिमा व्यवस्था भएका बुँदाहरु प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।



Scanned with CamScanner

## अनुसूची-१

(दफा ८ को उपदफा (३) संग सम्बन्धित)

### स्वयम्सेवक शिक्षकको लागि आवेदन फारामको ढाँचा

(क) उम्मेदवारले सेवा गर्न चाहेको तह र विषयको विवरण :

| | |
|---|---|
| (क) तह : | (ख) विषय : |

(ख) उम्मेदवारको वैयक्तिक विवरण :

<table>
<tr><td rowspan="3">उम्मेदवारको</td><td rowspan="2">नाम,थर</td><td colspan="2">(देवनागरीमा)</td></tr>
<tr><td>(अङ्ग्रेजी ठूलो अक्षरमा)</td><td>लिङ्ग :</td></tr>
<tr><td>नागरिकता नं.</td><td>जारी गर्ने जिल्ला :</td><td>मिति :</td></tr>
<tr><td rowspan="2">स्थायी ठेगाना</td><td>(क) जिल्ला :</td><td>(ख) न.पा./गा.पा.</td><td>(ग) वडा नं.</td></tr>
<tr><td>(घ) टोल :</td><td>(ङ) मार्ग/घर नं.</td><td>फोन नं.</td></tr>
<tr><td colspan="3">पत्राचार गर्ने ठेगाना</td><td>इमेल :</td></tr>
<tr><td>बाबुको नाम,थर</td><td>आमाको नाम,थर</td><td></td><td></td></tr>
<tr><td>बाजेको नाम,थर</td><td>पति/पत्नीको नाम,थर</td><td></td><td></td></tr>
<tr><td>जन्ममिति :</td><td>(वि.सं.मा)</td><td>(ईस्वी सन्मा)</td><td>हालको उमेर :वर्ष महिना</td></tr>
</table>

(ग) शैक्षिक योग्यता सम्बन्धि विवरण :

| | विश्वविद्यालय/वोर्ड/संस्था | शैक्षिक उपाधि | संकाय | श्रेणी/प्रतिशत | मुल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |

<table>
<tr><td colspan="2">उम्मेदवारको ल्याप्चे सहीछाप</td><td>उम्मेदवारको दस्तखत</td><td>मिति :</td></tr>
<tr><td>दायाँ</td><td>वायाँ</td><td></td><td></td></tr>
</table>

(घ) संलग्न कागजातहरु :

क) हस्तलिखित निवेदन (ठेगाना तथा सम्पर्क नम्वर सहित)

ख) अनुसूचि १ बमोजिमको फाराम

Scanned with CamScanner

ग) नागरिकता

घ) शैक्षिक योग्यताका प्रमाण पत्र

ङ) अध्यापन अनुमति पत्र

च) सम्बन्धीत अनुभव पत्र

## अनुसूची-२

### (दफा १३ को उपदफा (२) संग सम्बन्धित)

### स्वयम्सेवक शिक्षकसँग विद्यालयले गर्नुपर्ने सम्झौता पत्रको ढाँचा

श्री..............................विद्यालय (यस पछि **प्रथम पक्ष** भनिनेछ) र ........गा.पा. वडा नं.......... स्थायी ठेगाना भई हाल...............बस्ने श्री.........................(यस पछि **दोस्रो पक्ष** भनिनेछ) बीच शिक्षण स्वयम्सेवक शिक्षकको रुपमा मिति......................देखि मिति.................सम्म......................विषयमा शिक्षण कार्य गर्न भएको सम्झौता पत्र ।

**(१) प्रथम पक्षले गर्नुपर्ने कार्यहरु :**

क) स्वयम्सेवक शिक्षक व्यवस्थापन कार्यविधि,२०७९ बमोजिम निर्वाह भत्ता वाफतको रकम उपलब्ध गराउने,

ख) स्वयम्सेवक शिक्षक व्यवस्थापन कार्यविधि,२०७९ बमोजिम स्वयम्सेवक शिक्षकले पाउने विदाको सुविधा उपलब्ध गराउने,

ग) स्वयम्सेवक शिक्षक व्यवस्थापन कार्यविधि,२०७९ बमोजिम स्वयम्सेवक शिक्षकको आचार संहिता पालना गराउने ।

**(२) दोस्रो पक्षले पालना गर्नुपर्ने सर्तहरु :**

क) विद्यालयमा नियमित उपस्थित भई विद्यालयको पठनपाठनमा सहभागी हुनुपर्ने,

ख) नियमित पठनपाठनका साथै अतिरिक्त क्रियाकलाप लगाएत विद्यालयले दिएको अन्य जिम्मेवारी पूरा गर्ने,

ग) स्वयम्सेवक शिक्षक व्यवस्थापन कार्यविधि,२०७९ बमोजिम स्वयम्सेवक शिक्षकको आचार संहिता पालना गर्ने,

घ) निर्वाह भत्ता वाहेक अन्य कुनै प्रकारको सेवा र सुविधा दाबी नगर्ने ।

| **दोस्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
|---|---|
| नाम : | नाम : |
| ठेगाना : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |

| रोहवर | रोहवर |
|---|---|
| नाम : | नाम : |

Scanned with CamScanner

पद :
दस्तखत :
मिति :

पद :
दस्तखत :
मिति :

अनुसूची-३

(दफा १७ को उपदफा (१) संग सम्बन्धित)

स्वयम्सेवक शिक्षकले पाउने निर्वाह भत्ता

| क्र.सं. | तह | स्वयम्सेवक शिक्षकको योग्यता | मासिक निर्वाह भत्ता |
|---|---|---|---|
| १ | आधारभूत तह | | |
| क | प्राथमिक तह (१ देखि ५ कक्षा सम्म ) | माध्यमिक तह (१२), दश जोड दुई, प्रविणता पत्र वा सो सरह | रु.१९,०००।- |
| ख | निमावि तह ( ६ देखि ८ कक्षा सम्म ) | माध्यमिक तह (१२), दश जोड दुई, प्रविणता पत्र वा सो सरह | रु.२१०००।- |
| २ | माध्यमिक तह | | |
| क | ९ देखि १० कक्षा सम्म | स्नातक वा सो सरह | रु. २५०००।- |
| ३ | बाल विकास | नियमानुसार | रु. १५,०००।- |

Scanned with CamScanner

अनुसूची-४

(दफा २२ संग सम्बन्धित)

## स्वयम्सेवक शिक्षकलाई दिइने प्रमाणपत्रको ढाँचा

राजपुर गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

गंगदी, दाङ्ग

लुम्बिनी प्रदेश नेपाल

## प्रमाण-पत्र

............जिल्ला...........गाउँ पालिका वडा नं...........स्थायी ठेगाना भएका श्री...........................ले ..............जिल्ला..................गाउँपालिका वडा नं.......को श्री..................................विद्यालयमा.......................विषयको शिक्षण कार्य मिति................देखि.....................सम्म गर्नु भएकोले स्वयम्सेवक शिक्षक सेवाको उच्च मुल्याङ्कन गरी स्वयम्सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७९ को दफा २१ वमोजिम यो प्रमाण पत्र प्रदान गरिएको छ ।

भविष्यमा पनि राष्ट्र निर्माणको सन्दर्भमा यहांको अमुल्य योगदान रहने विश्वास सहित राजपुर गाउँपालिका तपाइको उज्जवल भविष्यको कामना गर्दछ ।

मिति : ...................

.........................

शिक्षा शाखा प्रमुख

Scanned with CamScanner